परिवर्तन गाउँपालिका

स्थानीय राजपत्र

खण्डः८ संख्याः६ प्रकाशित मितिः२०८२/०९/२४


भागः२

# परिवर्तन गाउँपालिकाको करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०९/१६

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार करार सेवामा कार्यरत कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४(च) मा भएको ब्यवस्थालाई कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा १०२को उपदफा २को प्रदत्त अधिकार प्रयोग गरी यो कार्यविधी बनाइएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम परिवर्तन गाउँपालिकाका करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ रहनेछ ।

(ख) यो कार्यविधि परिवर्तन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यविधि" भन्नाले परिवर्तन गाउँपालिकाका करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले परिवर्तन गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले परिवर्तन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले परिवर्तन गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले परिवर्तन गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "उपध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले परिवर्तन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

(ञ) "करारका कर्मचारी" भन्नाले परिवर्तन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार सेवामा कार्यरत करारका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## जिम्मेवारी, उत्तरदायित्व र योगदान

### ३. जिम्मेवारी र उत्तरदायित्व

(१) यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु परिवर्तन गाउँपालिकाको जिम्मेवारी रहनेछ ।

(२) योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागि पालिकाले आफ्नो स्वीकृत बार्षिक योजना तथा कार्यक्रममा वार्षिक रुपमा आवश्यक पर्ने (रोजगारदाताले बुझाउनु पर्ने) २० प्रतिशत रकम सुनिश्चितता गरी बजेट बिनियोजित गराउनु पर्नेछ ।

(३) स्थानीय तहको संचित कोष बाट पारिश्रमिक पाउने करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सुचिकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तीमा ६० (साठी) प्रतिशतलाई आधारभूत तलब मानी त्यसको २० (बिस) प्रतिशत रोजगारदाताबाट र ११ (एघार) प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी गराईनेछ ।

## परिच्छेद ३

## योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा नामावली सूचीकरण

### ४. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन आवेदन दिने :

(१) करार सेवामा कार्यरत कर्मचारीहरुले गाउँपालिकाबाट प्रकाशित सूचनामा तोकिएको अवधिमा अनुसूचि १ बमोजिमको ढाँचामा गाउँपालिकामा गई निवेदन दिनु पर्ने छ ।

(२) अनुसुचि १ बमोजिको ढाँचामा तोकिएको अवधि भित्र प्राप्त निवेदन उपर मात्र नियमानुसारको काम कारवाही अगाडी बढाईनेछ । तोकिएको ढाँचामा निवेदन प्राप्त हुन नसकेमा सम्बन्धित कर्मचारीलाई यस योजनामा सहभागी गराईनेछैन ।

(३) करार कर्मचारीबाट प्राप्त निवेदन उपर दफा ५ (१) बमोजिमको समितिले आवश्यक परिमार्जन गरी योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध हुन ईच्छुक करार सेवामा कार्यरत कर्मचारीहरुको नामावली प्रकाशन गर्नेछ ।

## परिच्छेद ४

## समितिको काम, कर्तव्य तथा अधिकार

**५. समिति गठनः**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी आवद्ध गराउन देहाय बमोजिमको योगदानमा आधारित सामाजिक सुरक्षा कोष संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य

(घ) रोजगार सेवा केन्द्र शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) गाउँकार्यपालिकाको कार्यालयमा निरन्तर ३ वर्ष पुरा गरेका वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका सत प्रतिशत राजश्व बाँडफाँडबाट तलब भुक्तानी हुने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरु बमोजिम करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ।

(ग) अनलाईन माध्यमबाट गाउँ कार्यपालिकाको कार्यालयलाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचिकरण गर्ने वा गराउने वा गराउन भूमिका निर्वाह गर्ने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न प्रचलित संघीय ऐन, नियमावली तथा कार्यविधि बमोजिम तोकिएका व्यवस्था बमोजिम हुने गरि आवश्यक कार्य गर्ने ।

## परिच्छेद ५

## विविध

**६. कारबाही तथा असूल उपर :** यस कार्यविधि विपरीत तथा झुठा विवरण पेश गरेको तथा वास्तविक करारका कर्मचारी वाहेक अरुको नाम राखेको जानकारी हुन आएमा सम्बन्धित ब्यक्ति तथा पदाधिकारिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**७. सहयोग गर्नुपर्ने :** यस कार्यविधि (परिवर्तन गाउँपालिकाका करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२) सञ्चालनमा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तब्य हुनेछ ।

**८. ब्याख्या गर्ने अधिकार :** यस कार्यविधिमा भएको कुनै ब्यवस्था अस्पष्ट भई ब्याख्या गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले अन्तिम ब्याख्या गर्नेछ ।

**९. थपघट, हेरफेर वा संशोधनः** गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ।

**१०. बाधा अड्काउ  फुकाउ :** यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**११. खारेजी तथा बचाउः** यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

अनुसूची १

(दफा ४ सँग सम्बन्धित)

**करार कर्मचारीले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुन दिने निवेदनको ढाँचा**

मितिः २०      /      /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

परिवर्तन गाउँपालिका, रोल्पा ।

**विषय: सामाजिक सुरक्षा कोषमा आबद्ध हुने बारे।**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ४ को उपदफा ५ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ दफा ३ बमोजिम सरकारी कोषबाट पारिश्रमिक पाउने र निवृत्तिभरण नपाउने व्यक्तिको हैसियतमा परिवर्तन गाउँपालिकाका करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ बमोजिमको शर्तमा मञ्जुर भई नियमानुसार योगदान गर्नुपर्ने रकम खाइपाइ आएको तलवबाट कट्टी हुनेगरि सामाजिक सुरक्षा कोषमा सूचीकरण हुन पाउ भनी तोकिएको कागजात सहित यो निवेदन पेश गर्दछु।

**निवेदकको**

| | **पहिलो** | **बीचको** | **अन्तिम** |
|---|---|---|---|
| नाम थर | | | |
| बाबुको नामः | | | |
| आमाको नामः | | | |
| पति/पत्नीको नामः | | | |
| इच्छाइएको व्यक्तिको नामः | | | |
| सम्पर्क नं. | | इमेल ठेगानाः | |
| कार्यरत सेवा/शाखाको नामः | | कार्यरत पदः | |
| शुरु नियुक्ति मिति | | | |
| जन्म मिति | | | |

| | | | | |
|---|---|---|---|---|
| लिङ्ग | ☐ पुरुष | | ☐ महिला | |
| नागरिकता नं | किसिम | जारी जिल्ला | जारी मिति | |
| | | | | |
| स्थायी ठेगाना | जिल्ला | गा.पा./न.पा./उप.म.पा./म.न.पा | वडा नं. | टोल |
| | | | | |
| हालको ठेगाना | जिल्ला | गा.पा./न.पा./उप.म.पा./म.न.पा | वडा नं. | टोल |
| | | | | |
| रोजगारदाताको नामः | | परिवर्तन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा | | |

माथि उल्लिखित विवरणहरु ठिक साँचो हो। फरक परे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको दस्तखत:...........................

मिति: ...........................

<u>कार्यालय प्रयोजन</u>

रुजु गर्नेको दस्तखत:

नाम थर:

पद:

मिति:

प्रमाणित गर्नेको दस्तखत:

नाम थर:

पद:

मितिः

अनुसूची २

(दफा ६ सँग सम्बन्धित )

परिवर्तन गाउँपालिकाका करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत भएको प्रमाणपत्रको ढाँचा

**परिवर्तन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पुतलाचौर, रोल्पा**

**<u>योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत प्रमाणपत्र</u>**

सूचीकरण नं: ............

परिवर्तन गाउँपालिकाका करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि-२०८२ बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा ....................................... लाई सूचिकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

करार सेवामा कार्यरत कर्मचारी नामः

बैंक खाता नं:

दस्तखत :............

नामः............

पदः............

मितिः ...........